# अर्थ मन्त्रालयसंग सम्वन्धित सार्वजनिक विवरण

## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनार्थ

### (२०७४ श्रावण १ देखि २०७४ आश्विन मसान्तसम्मको)



अर्थ मन्त्रालय

सिंहदरवार

कात्तिक, २०७४

www.mof.gov.np

## १. अर्थ मन्त्रालयको परिचय र उद्धेश्य

### (क) पृष्ठभूमिः

समष्टिगत आर्थिक नीतिहरुको तर्जुमा र कार्यान्वयनको माध्यमबाट मुलुकको आर्थिक विकासमा अर्थ मन्त्रालयको नेतृत्वदायी भूमिका रहेको छ । मुलुकको आर्थिक क्षेत्र, सार्वजनिक वित्त, वित्तीय तथा मौद्रिक क्षेत्रसंग सम्वन्धित नीति तर्जुमा, कार्यान्वयन तथा अनुगमन र व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। नेपाल सरकारको वार्षिक बजेट तर्जुमा र बजेटको कार्यन्वयन, सार्वजनिक खर्च व्यवस्थापन, सार्वजनिक ऋण व्यवस्थापन, राजस्व व्यवस्थापन तथा स्रोत परिचालन, समष्टिगत आर्थिक स्थायित्व, अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन तथा व्यवस्थापन, विदेशी मुद्रा विनिमय नियन्त्रण तथा नियमन, राजस्व चुहावट नियन्त्रण, सम्पति शुद्धिकरण अनुसन्धान, सामान्य मूल्य नीति, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्क तथा वित्तिय क्षेत्र व्यवस्थापन, बीमा र पुंजी बजारको व्यवस्थापन र नियमन जस्ता विषय अर्थ मन्त्रालयको कार्य क्षेत्र भित्र पर्दछ ।साथै वित्तीय संघीयताको कार्यान्वयनको क्रममा संघ, प्रदेश तथा स्थानीय तहको संविधान प्रदत्त अधिकारको कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको परिचालन, राजस्व तथा रोयल्टी बाँडफाँड र अन्तर सरकारी वित्त हस्तान्तरणको व्यवस्थापनको विषय पनि यस मन्त्रालयले हेर्ने गर्दछ । वित्तीय नीति मार्फत अर्थ मन्त्रालयले मुलुकको सम्पूर्ण आर्थिक क्षेत्रलाई गतिशील वनाउने भूमिका समेत खेल्दै आएको छ।

### (ख) दृष्टिकोणः

सबल आर्थिक नीति, सार्वजनिक वित्त तथा आर्थिक क्षेत्र व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी सुदृढ अर्थतन्त्रको निर्माण गरी समृद्ब नेपाल बनाउने अभियानमा सहयोग पुर्याउने ।

### (ग) ध्येयः

आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्दै उपलव्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने।

### (घ) रणनीतिः

(१) राजस्व प्रशासनको संरचनागत एवं संस्थागत सुधार गर्ने ।
(२) कर चुहावट नियन्त्रण एवं कर परिपालनाको स्तर अभिबृद्धि गर्ने ।
(३) वित्तिय सुशासन कायम गर्ने ।

### (१) समष्टिगत लक्ष्यः

मुलुकको आर्थिक नीति तर्जुमा गर्न योगदान गर्ने र आर्थिक नीति व्यवस्थापनको कार्य गर्ने।

### (२) कार्यनीतिक लक्ष्यहरुः

- राजस्व प्रणालीलाई सरल बनाउने, कराधार फराकिलो गर्ने र उपयुक्त करका दरहरु तोक्ने।
- कर प्रशासनको दक्षता र प्रभावकरितामा सुधार गर्ने।
- प्राथमिकता प्राप्त क्षेत्रहरुको लागि प्रभावकारी र न्यायोचित रुपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्वन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरुको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।

- सरकारी स्वामित्वका संस्थानहरुलाई प्रभावकारी बनाउनका लागि निजीकरण नीतिका साथै आवश्यक अन्य नीतिहरु अवलम्वन गर्ने।
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि उपयुक्त तलबमान एवं प्रोत्साहन प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक खर्च सम्वन्धी नीतिहरुको तर्जुमा र कार्यान्वयन गर्ने।
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरुको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने।
- सार्वजनिक र निजी क्षेत्रवीच विश्वासको वातावरण कायम गर्दै समग्र आर्थिक विकासमा निजी क्षेत्रको संलग्नताको लागि अनुकूल वातावरणको सृजनामा सहयोग गर्ने।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहवीच आर्थिक नीति, लगानी, ऋण व्यवस्थापन, राजस्व बाँडफाँड र अनुदानको विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

**(ङ) रणनीतिक उद्देश्यहरुः**

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान पुर्याउने।
- संबिधान कार्यान्वयन, आधारभूत स्वास्थ्य सेवा र शिक्षा र ग्रामीण पूर्वाधार विकास जस्ता सामाजिक-आर्थिक पूर्वाधार, पुँजी निर्माण र गरिबी निवारण र पूनर्निर्माणलाई तिब्रता दिने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने।
- राजस्वको क्षेत्र र दायरा वृद्धि हुने उपायको खोजी गर्ने ।
- प्रभावकारी र दक्ष सेवाको प्रत्याभूतिको लागि बजेट सहयोग उपलव्ध गराउने।
- आवश्यकतामा आधारित वैदेशिक सहयोग परिचालन गर्ने र वैदेशिक सहयोगको प्रभावकारीतामा सुधार गर्ने।
- सार्वजनिक संस्थानहरुमा प्रभावकारी वित्तीय व्यवस्थापन अभ्यासहरुको प्रत्याभूति गर्ने र तिनीहरुले प्रदान गर्ने सेवाहरुमा सुधार गर्ने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने ।

# २.संगठनात्मक स्वरुपः

अनुसूची-१
दरबन्दीको संगठन संरचना



| अर्थ मन्त्रालयको दरवन्दी तेरिज | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | खुद कायम | कैफियत |
| १ | सचिव | विशिष्ट | प्रशासन | | १ | |
| २ | सचिव (राजस्व) | विशिष्ट | प्रशासन | | १ | |
| ३ | सहसचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | ९ | |
| ४ | सहसचिव | रा.प.प्र. | न्याय | कानून | १ | |
| ५ | उपसचिव | रा.प.द्वि. | प्रशासन | राजस्व | ३३ | |
| ६ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | |
| ७ | उपसचिव | रा.प.द्वि. | प्रशासन | लेखा | ४ | |
| ८ | उपसचिव | रा.प.द्वि. | न्याय | कानून | १ | |
| ९ | कम्प्युटर निर्देशक | रा.प.द्वि. | विविध | | १ | |
| १० | वरिष्ठ तथ्यांक शास्त्री | रा.प.द्वि. | आ.यो.त. | तथ्याङ्क | १ | |
| ११ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४२ | |
| १२ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ४ | |
| १३ | शाखा अधिकृत | रा.प.तृ. | न्याय | कानून | १ | |
| १४ | तथ्याङ्क अधिकृत | रा.प.तृ. | आ.यो.त. | तथ्याङ्क | १ | |
| १५ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | |
| १६ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | ११ | |
| १७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | |
| १८ | अर्थ शास्त्री | रा.प.तृ. | विविध | | १ | |
| १९ | पुस्तकालय अधिकृत | रा.प.तृ. | शिक्षा | पु.विज्ञान | १ | |
| २० | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | ४० | |
| २१ | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | ३ | |
| २२ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | ५ | |
| २३ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | ३ | |
| २४ | कार्टोग्राफर | रा.प.अनं. प्रथम | विविध | | १ | |
| २५ | लाइवेरियन | रा.प.अनं. प्रथम | शिक्षा | पु.विज्ञान | ० | |
| २६ | सि.प्लम्वर | रा.प.अनं. प्रथम | इन्जि. | इले. | १ | |
| २७ | सि.अफसेट प्रेसम्यान | रा.प.अनं. प्रथम | शिक्षा | मुद्रण | १ | |
| २८ | सह लेखापाल | रा.प.अनं. द्वि. | प्रशासन | लेखा | ३ | |
| २९ | इलेक्ट्रिसियन | रा.प.अनं. द्वि. | इन्जि. | इले. | १ | |
| ३० | टेलिफोन अपरेटर | रा.प.अनं. द्वि. | विविध | | १ | |
| ३१ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | | ६ | |
| ३२ | प्लम्बर | रा.प.अनं. द्वि. | इन्जि. | सेनेटरी | ० | |
| ३३ | हेडगार्ड | रा.प.अनं. द्वि. | प्रशासन | | १ | |
| ३४ | अफसेट प्रेसम्यान | रा.प.अनं. द्वि. | शिक्षा | मुद्रण | ० | |
| ३५ | लिथो सहायक | रा.प.अनं.तृ. | विविध | | १ | |
| ३६ | हलुका सवारी चालक | श्रेणी विहिन | | | १४ | |
| ३७ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | २५ | |
| ३८ | माली | श्रेणी विहिन | | | २ | |
| ३९ | गार्ड | श्रेणी विहिन | | | ३ | |
| जम्मा | | | | | २२९ | |

## ३ कार्य क्षेत्रः

नेपाल सरकार(कार्यविभाजन) नियमावली, २०६९(संशोधन सहित,२०७२) ले अर्थ मन्त्रालय अन्तर्गतको निकायहरुको कार्य सम्पादनका लागि निर्दिष्ट गरेका कार्यक्षेत्रहरु निम्न बमोजिम रहेका छन्:

१. आर्थिक तथा राजस्व नीति, आर्थिक प्रशासन र नियन्त्रण सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. आर्थिक विश्लेषण,
३. आर्थिक साधनको बाँडफाँड,
४. मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन,
५. नेपाल राष्ट्र बैंक, बैंकिङ्ग (नेपाल औद्योगिक विकास निगम समेत), वित्तीय संस्था तथा वीमा,
६. आय र व्यको विवरण (बजेट),
७. राजस्व नीति र योजना,
८. राजस्व प्रशासन तथा राजस्व संकलन,
९. राजस्व अनुसन्धान,
१०. सामान्य मूल्य नीति,
११. सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,
१२. आर्थिक, बैंकिङ्ग तथा मुद्रा विषयक अन्तर्राष्ट्रिय सम्पर्क समन्वय,
१३. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता,
१४. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,
१५. सार्वजनिक ऋण तथा नियन्त्रण,
१६. तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तभरण, उपदान लगायत आर्थिक दायित्व र सेवा सुविधा सम्बन्धी विषय,
१७. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, वोनस, लागनी र लाभांश सम्बन्धी नीति निर्धारण,
१८. विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था,
१९. सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन,
२०. लेखा नियन्त्रण तथा व्यवस्थापन,
२१. सार्वजनिक प्रतिष्ठानको निजीकरण, अनुगमन र नियमन,
२२. सार्वजनिक संस्थान प्रशासन, नीति निर्माण र समन्वय,
२३. राजस्व आर्थिक प्रशासन तालिम,
२४. पूँजी बजार,
२५. सार्वजनिक लगानी,
२६. महालेखा परीक्षकको कार्यालय,
२७. कर्मचारी सञ्चय कोष,
२८. नागरिक लगानी कोष,
२९. सार्वजनिक संस्थान निर्देशन बोर्ड,
३०. सम्पत्ति शुद्धीकरण,
३१. अवकाश कोष,

३२. नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

३३. नगर विकास कोष

उपरोक्त कार्यक्षेत्रका साथै निम्न विषय समेत यस मन्त्रालयले हेर्दै आएको छः

- अन्तरसरकारी वित्त हस्तान्तरण सम्वन्धी कार्य (राजस्व तथा रोयल्टी बाँडफाँड, अनुदान वितरण)
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्वन्धी कार्य र,
- धितोपत्र तथा वस्तु विनिमय सम्वन्धी कार्य ।

## ४ अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि बुंदा नं. (६) मा उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु ।

## ५ सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | श्री ज्ञानेन्द्रबहादुर कार्की | ४२११३९० |
| २. | माननीय अर्थ राज्यमन्त्री | श्री उदयसम्सेर राणा | ४२११३४० |
| २. | सचिव | श्री शंकरप्रसाद अधिकारी | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री शिशिरकुमार ढुङ्गाना | ४२११७७० |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री केवलप्रसाद भण्डारी | ४२११४०१ |
| ५. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री वैकुण्ठ अर्याल | ४२११३७१ |
| ६. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री बिष्णुप्रसाद नेपाल | ४२११३१५ |
| ७. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री रामशरण पुडासैनी | ४२११३२६ |
| ८. | संस्थान समन्वय महाशाखा | सहसचिव श्री गणेशप्रसाद पाण्डे | ४२११३७७ |
| ९. | कानून, परामर्श तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री उदयराज सापकोटा | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | सहसचिव श्री उत्तरकुमार खत्री | ४२११३०६ |
| ११. | अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री अर्जुनप्रसाद पोखरेल | ४२००४१८ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री शुसील पाण्डे | ४२११३०० |
| १३. | अन्तरसरकारी वित्त ब्यवस्थापन महाशाखा | सहसचिव श्री निर्मलहरि अधिकारी | ४२११३१६ |

## ६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिंदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिंदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमल तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ ।

- पाँच पृष्ठ भन्दा धेरै सूचना दिंदा निम्न अनुसार दस्तुर लिइनेछ ।
- सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ।
- माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। सुरुका पाँच पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन ।
- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर,
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेक कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाईको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ । तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन ।
- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ ।
- मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्यबमोजिम नै हुनेछ।
- तर अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन ।

**(ख) सूचना उपलब्ध गराए बापत दस्तुर लिने तरिका**

(१) नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिनेछ ।

(२) कुनै बैंकमा जम्मा गर्न लगाई सो को भौचर पेश गर्न लगाउन सकिनेछ ।

(३) सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिनेछ ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

(१) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ । कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।

(२) अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ।

## ७ निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

(१) मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

(२) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- ➢ मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः
- ➢ मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- ➢ माननीय अर्थ मन्त्रीस्तरबाट
- ➢ माननीय अर्थ राज्यमन्त्रीस्तरबाट
- ➢ अर्थ सचिवस्तरबाट
- ➢ सचिव(राजस्व) स्तरबाट
- ➢ माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
- ➢ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- ➢ अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु ।
- ➢ सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले ।
- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा अर्थ सचिवले ।

**९. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

**क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः-**

प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम

**ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः-**

राष्ट्रिय सूचना आयोग

**१०. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः**

**१०.१.समष्टिगत आर्थिक परिसूचकः** (२०७४ असोज मसान्तको तथ्यांकमा आधारित)

| क्र.स | आर्थिक परिसूचकहरु | उपलब्धि/अवस्था | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक बृद्धि | ७.२%(आ.ब.२०७४/७५को बार्षिक लक्ष्य) | |
| २. | उपभोक्ता मुद्रास्फीति | ३.१% | |
| ३. | राजस्व परिचालन | १ खर्व ४६ अर्व ५२ करोड (लक्ष्यको तुलनामा ९९.२५%) | |
| ४. | नेप्से परिसूचक | १५५९.२(असोज मसान्त) | |
| ५. | शोधनान्तर स्थिति | ४ अर्व २७ करोड बचत रहेको | |
| ६. | सरकारी कोषको अवस्था | २७६ अर्व ४ करोड वचत | |
| ७. | बैदेशिक ब्यापार | परिमाण | बृद्धि प्रतिशत(आ.ब. २०७३/७४ को असार मसान्तको तुलनामा) |
| | आयात | २५७ अर्व ८७ करोड | १६.९% |
| | निर्यात | २० अर्व ४३ करोड | ७.९% |
| ८. | विदेशी विनिमय सञ्चिती | १०९९ अर्व ८१ करोड | १.९% |
| ९. | विप्रेषण | १७६ अर्व ३२ करोड | २.६% |

## १०.२.बजेट कार्यान्वयन तथा सार्वजनिक खर्च व्यवस्थापनः

- चालु आर्थिक बर्षको कुल बजेट रु १२ खर्ब ७८ अर्ब ९९ करोड मध्ये २०७४ असोज मसान्तसम्म सम्म रु १ खर्व ८० अर्ब २२ करोड खर्च भएको छ । सो मध्ये चालु खर्च रु. १ खर्ब ६१ अर्ब ५२ करोड , पुंजीगत खर्च रु १५ अर्ब ८७ करोड ८० लाख र वित्तीय व्यवस्था अन्तरगत रु २ अर्ब ९१ करोड २२ लाख खर्च भएको छ । जसअनुसार बजेटको तुलनामा चालु खर्च २०.१०%, पुंजीगत खर्च ४.७१% र वित्तीय व्यवस्था अन्तरगत २.०८% खर्च भएको छ भने जम्मा खर्च १४.०९ प्रतिशत रहेको छ ।
- अर्थ मन्त्रालयबाट निर्वाचन आयोगलाइ दोस्रो चरणको स्थानीय तह निर्वाचनका लागि रु. १ अर्व, प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनका लागि रु.५ अर्व र तेस्रो चरणको स्थानीय तह निर्वाचनका लागि सुरक्षा निकायलाइ रु. ७३ करोड निकासा दिइएको छ ।
- यस अवधिमा बजेट तथा कार्यक्रम अन्तर्गत नेपाल राष्ट्रिय इन्जिनियरिङ तथा प्रविधि प्रतिष्ठान विधेयक,२०७४, प्रशासनिक अदालतको सम्वन्धमा बनेको बिधेयक,२०७४ र स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्वन्धमा ब्यवस्था गर्न बनेको विधेयक,२०७४ को मस्यौदामा सहमति प्रदान गरिएको छ ।

## १०.३. भूकम्प पछिको पुनःनिर्माण र नवनिर्माणका लागि बजेट व्यवस्थापन

- भूकम्पबाट क्षतिग्रस्त भएका बिद्यालय, स्वास्थ्य संस्था , महत्वपर्ण सरकारी भवन लगायतका सार्वजनिक संरचनाहरु, विश्व सम्पदासूचीमा रहेका ऐतिहासिक एवम् पुरातात्विक महत्वका स्थल तथा पशुपति क्षेत्रका संरचनाहरुको पुनर्निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४ कार्यान्वयनमा आइ परेका कठिनाइलाइ सम्वोधन गर्ने गरी आवश्यक संशोधन गरिएको छ ।

## १०.४. राजश्व परिचालन र राजस्व चुहावट नियन्त्रण

- आर्थिक वर्ष २०७४।७५ को असोज महिनासम्मको राजस्व संकलनको लक्ष्य रु.१४७अर्व ६२ करोड रहेकोमा रु. १४६ अर्व ५२ करोड असूली भइ लक्ष्यको तुलनामा ९९.२५ प्रतिशतले प्रगति भएको । गत बर्षको यही अवधिको राजस्व संकलनको तुलनामा बृद्धि दर १५ प्रतिशत रहेको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट व्यवस्थापिका संसदमा प्रस्तुत भएका विषयहरुमध्ये राजस्व व्यवस्थापन महाशाखासंग सम्बन्धित विषयको कार्ययोजना बनाई निरन्तर कार्यान्वयन भइरहेको ।
- राजस्व प्रशासनमा लागू गरिदै आएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिने क्रममा सो प्रणालीको विगतको प्रभाव मूल्याङ्कन र चालु वर्षका लागि सूचकहरु तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेश गरिएको।
- मित्रराष्ट्र बंगलादेशसँग दोहोरो कर मुक्ति सम्झौतामा हस्ताक्षर गर्ने विषयमा निर्णयको लागि मन्त्रिपरिषदमा प्रस्ताब पठाइएको ।
- विद्युतीय प्रणाली मार्फत कर भुक्तानीको व्यवस्था गर्न पूर्वाधार तयार गर्ने कार्यको लागि अध्ययन प्रतिवेदन पेश गर्न तीनवटा कार्यदलहरु गठन भई कार्य भइरहेको ।
- पाँचौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति तथा कार्ययोजना, २०१७-२०२१ मिति २०७४ श्रावण १ गतेदेखि कार्यान्वयनमा ल्याइएको ।
- निकासी पैठारी व्यापारलाई व्यवस्थित गर्न आयात निर्यात संकेत नम्बर (**EXIM CODE)** प्रदान गर्ने कार्य मिति २०७४ श्रावण १ गतदेखि कार्यान्वयनमा ल्याइएको ।

- भारतमा हालै लागू भएको वस्तु तथा सेवामा आधारित कर (GST) बाट नेपालको अर्थतन्त्रमा पर्ने प्रभावको अध्ययन गर्न गठित कार्यदलबाट प्राप्त अन्तिम प्रतिवेदन कार्यान्वयनको चरणमा रहेको ।
- आलोपालो गरी प्रत्येक वर्षमा हुनुपर्ने तर सन् २०१४ देखि हुन नसकेको नेपाल र भारतका भन्सार प्रशासनका महानिर्देशकस्तरको १८ औं श्रृंखलाको द्विपक्षीय वार्ता २०७४ असोज २३ -२४ गते भारतको नयाँ दिल्लीमा सम्पन्न भएको ।
- हालसम्म काकडभिट्टा, विराटनगर, वीरगञ्ज, सुख्खा बन्दरगाह(वीरगञ्ज), भैरहवा, नेपालगञ्ज, त्रि. वि. विमानस्थल भन्सार कार्यालय, धनगढी र रसुवा भन्सार कार्यालयमा समेत वेभमा आधारित ASYCUDA World प्रणाली लागू गरिएको ।
- कञ्चनपुर भन्सार कार्यालयमा समेत Whole Baggage X-Ray Machine जडान गर्ने कार्य सम्पन्न गरी कार्यान्वयनमा ल्याइएको ।
- त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयको यात्रु जाँचपास प्रक्रियालाई व्यवस्थित गरी जोखिम न्यूनिकरण गरिएको ।
- करको दायरा बढाई राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन यस अबधिमा आयकर तर्फ ४८,११५र मुल्य अभिवृद्धि कर तर्फ ५,९१६ थप करदातालाई करको दायरामा ल्याईएको ।
- सम्पत्ति शुद्धिकरण निवारणको कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप तुल्याउने क्रममा आगामी दिनमा यस सम्बन्धी हुने सम्पादित कार्यको मूल्याङ्कन पूर्व नै नेपालको अवस्थाको स्व-मुल्यांकन गर्न बिषयगत समिति बनाई कार्य अगाडि बढाइएको ।

## १०.५. अन्तरराष्ट्रिय आर्थिक सहायता परिचालन

- आ.ब. २०७४/०७५ को असोज महिनासम्ममा अनुदान सहायता रु ६० अर्ब १७ करोड र ऋण सहायता रु १७ अर्ब ५९ करोड गरी जम्मा रु ७७ अर्ब ७६ करोडको सहायता प्रतिबद्धता प्राप्त भएको छ ।
- ०९ अगस्ट २०१७( २०७४ साउन २५ गते) मा बिद्यालय क्षेत्र विकास कार्यक्रमको लागि ६१.४ मिलियन यूरो ( करीब रु. ७ अर्ब ३७ करोड ) सहायता प्राप्त गर्ने सम्बन्धि नेपाल सरकार र युरोपियन यूनियन बिच सम्झौता सम्पन्न भएको ।
- १५ अगस्ट २०१७ (२०७४ साउन ३१ गते) मा बिद्यालय क्षेत्र विकास कार्यक्रमको लागि ३०० मिलियन जापानी येन (करीब रु. २८ करोड २० लाख ) सहायता प्राप्त गर्ने सम्बन्धि नेपाल सरकार र जापान सरकार बिच सम्झौता सम्पन्न भएको ।
- १५ अगस्ट २०१७ (२०७४ साउन ३१ गते) पेट्रोलियम तथा ग्यासको संभाव्यता अध्ययनको लागि १३६ मिलियन चिनिया युयान सहायता प्राप्त गर्ने सम्बन्धी नेपाल सरकार र चीन सरकारबिच सम्झौता सम्पन्न भएको ।
- १५ अगस्ट २०१७(२०७४ साउन ३१ गते) आर्थिक तथा प्राविधिक सहायता सम्झौता एंव अरनिको राजमार्ग मर्मत परियोजना तातोपानी र रसुवागढी नाकाका पुलहरुको पुनःनिर्माणका लागि १ बिलियन चिनिया युयान अनुदान सहायता प्राप्त गर्ने सम्बन्धी नेपाल सरकार र चीन सरकारबिच सम्झौता सम्पन्न भएको
- १५ अगस्ट २०१७ (२०७४ साउन ३१ गते) नेपाल सरकार र चीन सरकारबीच लगानी तथा आर्थिक सहायता प्रबर्द्धन सम्बन्धी आधारभूत खाका सम्झौता (MOU) सम्पन्न भएको ।
- भुकम्प पछिको पुर्ननिर्माणको लागि भारत सरकारले २५० मिलियन अमेरिकी डलर अनुदान सहायता उपलब्ध गराउने सम्बन्धी नेपाल सरकार र भारत सरकारका बीचमा २० फेब्रुवरी २०१६ मा हस्ताक्षर

भएको समझदारीपत्र अनुसार १०० मिलियन अमेरिकी डलर निजी आवास अनुदानको लागि, ५० मिलियन अमेरिको डलर विद्यालयहरुको पुर्ननिर्माणको लागि, ५० मिलियन अमेरिकी डलर स्वास्थ्य संस्थाहरुको पुर्ननिर्माणको लागि र बाँकी ५० मिलियन अमेरिकी डलर साँस्कृतिक सम्पदाहरुको पुर्ननिर्माणको लागि उपयोग गरिने व्यवस्था बमोजिम हालै सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको मित्रराष्ट्र भारतको भ्रमणको समयमा निजी आवास अनुदान, विद्यालयहरुको पुर्ननिर्माण, स्वास्थ्य संस्थाहरुको पुर्ननिर्माण र साँस्कृतिक सम्पदाहरुको पुर्ननिर्माणसँग सम्वन्धित अलग अलग समझदारीपत्रमा २४ अगस्ट २०१७ (२०७४ भाद्र ८) मा हस्ताक्षर भएको ।

- १० सेप्टेम्बर २०१७ (२०७४ भाद्र 25) मा Asian Development Bank (ADB) बाट Power Transmission and Distribution Efficiency Enhancement Project का लागि १५० मिलियन अमेरिकी डलर Concessional OCR Loan र Japan Fund for Poverty Reduction बाट प्राप्त हुने २ मिलियन अमेरिकी डलर अनुदान गरी जम्मा १५२ मिलियन अमेरिकी डलर (करीब रु १५ अर्ब ४६ करोड बरावरको) सहायता प्राप्त गर्नको लागि ADB र नेपाल सरकार बीच सम्झौता सम्पन्न गरिएको ।
- १० सेप्टेम्बर २०१७ (२०७४ भाद्र 25) मा Asian Development Bank (ADB) बाट Implementation of SASEC Customs Reforms and Modernization for Trade Facilitation program का लागि २१ मिलियन अमेरिकी डलर (करीब रु २ अर्ब १३ करोड बरावरको) ऋण सहायता प्राप्त गर्नको लागि ADB र नेपाल सरकार बीच सम्झौता सम्पन्न गरिएको ।
- १४ सेप्टेम्बर (२०७४ भाद्र २९) अमेरिकाको Millennium Challenge Corporation (MCC) को Compact Program अन्तर्गत नेपालको सडक सुधार तथा स्तरोउन्नति र विद्युत क्षेत्रको प्रसारण लाइन बिस्तारको लागि ५०० मिलियन अमेरिकी (करीब रु ५१ अर्ब ५० करोड बराबरको ) अनुदान उपलब्ध गराउने सम्वन्धमा वासिङटन डि.सी. मा नेपाल सरकार र अमेरीका सरकार बीच सम्झौता सम्पन्न गरिएको ।
- २४ जुलाइ २०१७( २०७४ साउन ९) अर्थ मन्त्रालयमा स्थानीय बिकास साझेदारहरुसँग (local Development Partners) बैठक आयोजना गरिएको ।
- २७ अगस्ट, २०१७ ( २०७४ साउन ११) मा Enhanced Vocational Education and Training (EVENT) परियोजनाको लागि ६० मिलियन अमेरिकी डलर ऋण सहायता प्राप्त गर्ने सम्बन्धमा बिश्व बैकसँग बार्ता सम्पन्न भएको ।
- ११-१२ अगस्ट, २०१७ (२०७४ साउन २७-२८ गते) धुलिखेलमा संघियतामा बैदेशिक सहायताको परिचालन बिषयमा छलफल कार्यक्रम आयोजना गरिएको ।
- १२-१४ अक्टोबर, २०१७ (२०७४ असोज २६-२८ गते) अर्थ सचिवज्यूको नेतृत्वको प्रतिनिधिमण्डलले बिश्व बैंक समूहको बार्षिक बैठकमा भाग लिएको ।

## १०.६. आर्थिक नीति

**<u>मौद्रिक क्षेत्र व्यवस्थापन</u>**

- Macroeconomic Dash Board Upgrade गरी मन्त्रालयको website www.mof.gov.np मा सार्वजनिक गरिएको।
- सम्पत्ति शुद्धीकरण निवारण प्रणालीका सरोकारवाला निकायहरुबीच समन्वय, सहजीकरण र कार्यसम्पादनमा राष्ट्रिय स्तरमा सहयोग गर्न अर्थ मन्त्रालयमा सम्पत्ति शद्धीकरण निवारण इकाईको गठन गरी उक्त इकाईको वार्षिक कार्ययोजना स्वीकृत गरिएको ।
- सम्पत्ति शद्धीकरण निवारण इकाईबाट स्वीकृत कार्ययोजना अनुरुप Designated Non-Financial Business and Professions (DNFPBs) को क्षेत्रमा नियामक निकाय तोक्ने बिषयमा तयार गरिएको प्रतिवेदन राष्ट्रिय समन्वय समितिमा प्रस्तुत भई समितिको निर्णय बमोजिम नियामक निकाय तोक्ने प्रक्रिया अगाडि बढाइएको।

- सन् २०२०/२०२१ मा हुने सम्पत्ति शुद्धिकरण निवारणको पारस्परिक मूल्याकंनको तयारी तथा नेपालको वर्तमान अवस्थाको मूल्यांकन गर्न कानून सचिवज्यूको संयोजकत्वमा गठित स्व:मुल्याङ्कन समितिले कार्यतालिका पारित गरी कार्य अगाडि बढाएको । यसका लागि स्व:मुल्याङ्कन समिति र सो समित अन्तर्गत गठित १६ वटा बिषयगत उप समितिबाट स्व:मुल्याङ्कनको कार्य भईरहेको।
- Asia Pacific Group on Money Laundering (APG) को बैठक नेपालमा सन् २०१८ जुलाइ २१ देखि २७ सम्म गर्ने निर्णय भएको र सो को तयारीको लागि सचिव (राजस्व) ज्यूको संयोजकत्वमा गठित आयोजक समितिबाट सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशकको संयोजकत्वमा व्यवस्थापन उप समिति गठन गरी कार्यक्रम आयोजनाका लागि आवश्यक बजेट माग गर्ने, कार्यक्रम स्थल चयन गर्ने तथा कार्यक्रमका लागि आवश्यक Event Management तथा Logistics को तयारी गर्ने जिम्मेवारी दिइएको।
- २०७४ साल साउन १ गते देखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले एकपटकमा दश लाख रुपैयाँ वा सो भन्दा बढी मूल्यको कुनै सेवा वा वस्तु खरिद विक्री वा अन्य कारोवार गर्दा वित्तीय संस्था वा बैंकिङ्ग उपकरण मार्फत गर्नु पर्ने गरी नगद कारोवारको सीमा लागू गरिएको ।
- चालु आर्थिक वर्षको २०७४ असोज मसान्त सम्म ५७ अर्व ५४ करोड आन्तरिक ऋण उठाइएको ।
- Debt Operation and Management Software (DOMS) निर्माणका लागि Contractor Montran Corporation (USA) बाट Software को विस्तृत Features को प्रतिवेदन प्राप्त भई सरोकारवाला निकायमा रायका लागि पठाइएको।
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापनाको लागि महालेखा नियन्त्रक कार्यालयका सह महालेखा नियन्त्रकको संयोजकत्वमा संगठन तथा व्यवस्थापन सर्वे समिति गठन भई ७ वटा बैठक सम्पन्न भएको ।
- सार्वजनिक निजी साझेदारी विधेयकको प्रारम्भिक मस्यौदा तयार भएको ।
- चालु आर्थिक वर्षको असोज मसान्तसम्ममा नेपाल सरकारबाट लगानी हुने ऋणको लागि गोरखकाली रवर उद्योग लिमिटेडलाई २ करोड र साना किसान विकास वैंक लिमिटेडलाई ऋण लगानी गर्न ५० करोड गरी ५२ करोडको ऋण तमसुक गरिएको ।
- नेपाल सरकार, अर्थ मन्त्रालय र इन्स्टिच्युट फर स्ट्राटेजिक एण्ड सोसियो इकोनोमिक रिसर्च बीच आर्थिक बिषयहरुमा अध्ययन अनुसन्धान गरी अर्थ मन्त्रालयलाई नीतिगत राय सुझाव प्रदान गर्ने बिषयमा समझदारीपत्र गरिएको।
- चालु आर्थिक वर्षको पहिलो तीन महिनाको प्रमुख आर्थिक परिसूचकहरुको तुलनात्मक विवरण निम्न बमोजम छ:

| आर्थिक परिसूचकहरु | आर्थिक वर्ष २०७३/७४ असोज | आर्थिक वर्ष २०७४/७५ असोज |
|---|---|---|
| **वास्तविक क्षेत्र (Real Sector)** | | |
| **उपभोक्ता मुद्रास्फीति (वार्षिक विन्दुगत आधारमा)*** | ६.७ प्रतिशत | ३.१ प्रतिशत |
| खाध्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क | ५.७ प्रतिशत | ०.५ प्रतिशत |
| गैरखाध्य तथा सेवा समूहको मूल्य सूचकाङ्क | ७.६ प्रतिशत | ५.२ प्रतिशत |

| | | |
|---|---|---|
| **थोक मुद्रास्फीति (वार्षिक विन्दुगत आधारमा)** | ५.० प्रतिशत | १.६ प्रतिशत |
| **राष्ट्रिय तलब तथा ज्यालादर सूचकांक** | १४.४ प्रतिशतले वृद्धि | ५.५ प्रतिशतले वृद्धि |
| **सार्वजनिक क्षेत्र (Public Finance)** | | |
| **कुल सरकारी खर्च (नगद प्रवाहमा आधारित)** | (रू.९५ अर्ब १६ करोड) ९२.७ प्रतिशतले वृद्धि | (रू. १३८ अर्ब ८४ करोड) ४५.९ प्रतिशतले बढेको |
| **बजेट घाटा/बचत (नगद प्रवाहमा आधारित)** | रु. २८ अर्ब ८४ करोडले वचत | रु. ११ अर्ब ६३ करोडले वचत |
| **राजस्व परिचालन** | ६६.७ प्रतिशतले बढेको (रू. १२६ अर्ब १२ करोड) | १०.७ प्रतिशतले बढेको (रु. १३९ अर्ब ६५ करोड) |
| **बाह्य क्षेत्र (External Sector)** | | |
| **कुल निर्यात** | १२.६ प्रतिशतले बढेको | ७.९ प्रतिशतले बढेको |
| | (रू. १८ अर्ब ९३ करोड) | (रु. २० अर्ब ४३ करोड) |
| भारततर्फको निर्यात | १९.९ प्रतिशतले बढेको | ३.२ प्रतिशतले बढेको |
| | १० अर्ब ४३ करोड | १० अर्ब ७६ करोड |
| चीनतर्फको निर्यात | २९.५ प्रतिशतले बढेको | २७.७ प्रतिशतले बढेको |
| | ३८ करोड ६० लाख | ४९ करोड ३१ लाख |
| अन्य मुलुकतर्फको निर्यात | ३.९ प्रतिशतले बढेको | १३.१ प्रतिशतले बढेको |
| | ८ अर्ब १२ करोड | ९ अर्ब १८ करोड |
| **कुल आयात** | ६९.१ प्रतिशतले बढेको (रू. २२० अर्ब ६८ करोड) | १६.९ प्रतिशतले बढेको (रू. २५७ अर्ब ८७ करोड) |
| भारततर्फको आयात | ७९.० प्रतिशतले बढेको | १७.७ प्रतिशतले बढेको |
| | १४३ अर्ब ३० करोड | १६८ अर्ब ५९ करोड |
| चीनतर्फको आयात | ५८.८ प्रतिशतले बढेको | ९.५ प्रतिशतले बढेको |
| | ३२ अर्ब १६ करोड | ३५ अर्ब २३ करोड |
| अन्य मुलुकतर्फको आयात | ४९.९ प्रतिशतले बढेको | १९.५ प्रतिशतले बढेको |
| | ४५ अर्ब २२ करोड | ५४ अर्ब ५ करोड |
| कुल वस्तु व्यापार घाटा | ७७.५ प्रतिशतले बढेको | १७.७ प्रतिशतले बढेको |
| | (रू. २०१ अर्ब ७५ करोड) | (२३७ अर्ब ४४ करोड) |
| **समग्र शोधानान्तर स्थिति** | रू. १९ अर्ब ७० करोडले बचत (६९.२ प्रतिशतले घटेको) | रू. ४ अर्ब २७ करोडले वचत (७८.३ प्रतिशतले घटेको |
| चालु खाता | रू. १ अर्ब ९७ करोडले घाटा (१०२.३ प्रतिशतले घटेको) | रू. २१ अर्ब ९४ करोडले घाटा |
| **कुल विदेशी विनिमय सञ्चिति** | १.५ प्रतिशतले बढेको (२०७३ असार महिनाको सञ्चितिको तुलनामा) | १.९ प्रतिशतले बृद्धि (२०७४ असार महिनाको तुलनामा) |

| | | |
|---|---|---|
| | रू. १०५४ अर्ब ६१ करोड | रू. १०९९ अर्ब ८२ करोड |
| **विदेशी विनिमय सञ्चितिको विद्यमानस्तर स्तरले धान्न प्रयास (आयातलाई आधार मान्दा)** | १४.६ महिनाको वस्तु आयात | १३.० महिनाको वस्तु आयात |
| | १२.५ महिनाको वस्तु तथा सेवा आयात | ११.२ महिनाको वस्तु तथा सेवा आयात |
| **विप्रेषण आप्रवाह** | ३.२ प्रतिशतले बढेको | २.६ प्रतिशतले बढेको |
| | (रु. १७१ अर्ब ८० करोड) | (रु. १७६ अर्ब ३२ करोड) |
| **कच्चा पेट्रोलियम** | ०.२ प्रतिशले घटेको | १७.६ प्रतिशले बढेको |
| | (प्रति व्यारेल अमेरिकी डलर ४८.८७) | (प्रति व्यारेल अमेरिकी डलर ५७.४९) |
| **सुनको मूल्य** | ६.० प्रतिशले बढेको | ४.१ प्रतिशले बढेको |
| | (प्रति आउन्स अमेरिकी डलर १२५१.८०) | (प्रति आउन्स अमेरिकी डलर १३०३.३०) |
| **मौद्रिक क्षेत्र (Monetary Sector)** | | |
| **विस्तृत मुद्राप्रदाय (जेठसम्म)** | ५.४ प्रतिशतले बढेको | ४.२ प्रतिशतले बढेको |
| **संचित मुद्रा** | ०.३ प्रतिशतले घटेको | ६.० प्रतिशतले घटेको |
| **आन्तरिक कर्जा** | ०.४ प्रतिशतले बढेको | १.७ प्रतिशतले घटेको |
| **वैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन** | ३.८ प्रतिशतले बढेको | ३.८ प्रतिशतले बढेको |
| **बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्र तर्फ प्रवाहित कर्जा** | ४.२ प्रतिशतले बढेको | ४.६ प्रतिशतले बढेको |
| **अन्तरबैंक कारोबार** | | |
| वाणिज्य बैंकहरु | रू. २८० अर्ब ५७ करोड | रू. २०२ अर्ब ४० करोड |
| अन्य वित्तीय संस्थाहरु | रू. ८८ अर्ब ३७ करोड | रू. ७ अर्ब ०८ करोड |
| **धितोपत्र बजार (Security Market)** | | |
| **नेप्से सूचकांक** | १८०३.७ विन्दु (५९.० प्रतिशतले बढेको) | १५५९.२ विन्दु (१३.६ प्रतिशतले ह्रास आएको) |

## <u>वित्तीय क्षेत्र व्यवस्थापन</u>

- राष्ट्रिय वाणिज्य बैंकमा एन.आई.डि.सी. डेभलपमेन्ट बैंकलाई गाभ्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णय कार्यान्वयन गर्न गठित समितिको कार्य शुरु भएको ।
- Financial Sector Stability Program Sub Committee को निर्णय बमोजिमका कार्यहरू भइरहेको ।
- पूर्वाधार विकास बैंक स्थापनाको कार्य भइरहेको ।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०३/२३ को निर्णयानुसार नेपाल राष्ट्र बैंकको पुँजी वृद्धिका लागि आवश्यक थप रकम रू. दुई अर्व बैंकको साधारण जगेडा कोषको रकमबाट प्रयोग गर्न स्वीकृति ।
- माननीय अर्थमन्त्रीज्यूको संयोजकत्त्वमा उच्चस्तरिय वित्तीय क्षेत्र निर्देशक समिति र सचिव (राजस्व) ज्यूको संयोजकत्त्वमा वित्तीय स्थायित्त्व समिति गठन गरिएको ।

- वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको सह-सचिवको संयोजकत्त्वमा वित्तीय क्षेत्र स्थायित्व कार्यक्रम (FSSP) उपसमिति गठन गरिएको ।
- कृषि विकास बैंक र राष्ट्रिय बाणिज्य बैंकको सञ्चालकको नियुक्ति गरिएको ।
- निक्षेप तथा कर्जा सुरक्षणा कोष र नेपाल स्टक एक्स्चेञ्ज लि. को प्रमुख कार्यकारी अधिकृत नियुक्ति गरिएको ।
- निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको अध्यक्ष तोकिएको ।
- कर्मचारी सञ्चय कोष र राष्ट्रिय बीमा संस्थानको प्रशासकको छनौट सम्बन्धी कार्य भइरहेको ।
- नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक तथा निक्षेप तथा कर्जा सुरक्षण कोषको कर्मचारी विनियमावली सहमतिका लागि लोक सेवा आयोगमा पठाइएको ।

## १०.७. कानुन तर्जुमा तथा संशोधन

- यस अवधिमा आर्थिक तथा वित्तीय क्षेत्रसंग सम्वन्धित देहायका ऐनहरु प्रमाणिकरण भएका छन् :
  - अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
  - राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
  - आर्थिक ऐन, २०७४ ,
  - वोनस (पाचौं संशोधन) ऐन, २०७४,
  - संघीय आकस्मिक कोष ऐन, २०७४।
- यस अवधिमा आर्थिक तथा वित्तीय क्षेत्रसंग सम्वन्धित देहायका कानूनका मस्यौदाहरु तयार गरिएको छ ।
  - नागरिक लगानी कोष ऐन, २०७४ (दोस्रो संशोधन) ,केही नेपाल ऐन संशोधन गर्ने विधेयक ,
  - नेपाल धितोपत्र वोर्ड खरिद नियमावली, २०७४,
  - स्थानीय तहको बजेट विनियोन तथा आर्थिक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ ।
- यस अवधिमा देहायका सूचनाहरु सम्पादन तथा राजपत्रमा प्रकाशन गरिएको छ ।
  - ASYCUDA World लागू भएका भन्सार कार्यालयहरुमा कार्यान्वनका निम्ति Bar Code सहितको म.ले.प.फा.नं. ११ क) को नगदी रसिद,
  - नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०७४/०४/१० को निर्णयानुसार सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन), २०६९ को दफा ले दिएको अधिकार प्रयोग गरी सो आदेशको अनुसूची-१ को खण्ड-क) को उपदफा (२२) झिकेको,
  - प्राकृतिक विपदको कारण करदाताहरुले सहज रुपमा इजाजतपत्र नवीकरण गर्न नसकेको कारण २०७४ असोज मसान्तसम्म म्याद थप,
  - व्यापार सहजिकरण तथा व्यवस्थापनको लागि कञ्चनपुर भन्सार कार्यालय मातहत रहेको परासन छोटी भन्सार कार्यालयलाई कैलाली भन्सार कार्यालय मातहत रहने गरी भन्सार क्षेत्र कायम,
- यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएका रिटहरु-०७३-FJ-००७१, ०७३-MS-००२६, ०७४-WO-००१३, ०७४-WO-००१६, ०७४-WO-००८० र ०७४-WO-००३८ का सम्बन्धमा लिखित जवाफ तयार गरी सम्मानित श्री सर्वोच्च अदालतमा पठाईएको ।

## १०.८. सार्वजनिक संस्थान व्यवस्थापन

